म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १३९ शुक्रबार १३ पुस २०८० ने. सं. ११४४ थिल्लागा 29 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

अक्षयकोष निर्माणमा सहयोग गर्नेलाई सम्मान गरिने

हेटौंडा, १२ पुस/साहित्य संगम मकवानपुर अक्षयकोष निर्माणमा ५ हजार रुपैयाँ र सो भन्दा बढी सहयोग गर्ने व्यक्तित्वलाई सम्मान गरिने भएको छ । पुस १४ गते साहित्य संगम मकवानपुरको ३३८ औं नियमित साहित्य सन्ध्यामा अक्षयकोषमा सहयोग गर्ने ६४ जना महानुभावलाई सम्मान गर्न लागिएको साहित्य संगम मकवानपुरका अध्यक्ष डिवि बर्तौलाले जानकारी दिए । साहित्य संगम मकवानपुरको नयाँ कार्यसमिति चयन भएपछि अक्षयकोष निर्माण सुरु गरेको हो । साहित्य संगम मकवानपुरको अक्षयकोषमा ४ लाख ५ हजार ५ सय ७६ रुपैयाँ संकलन भइसकेको छ । सङ्कलित रकमलाई अक्षयकोषमा जम्मा गराई सोबाट प्राप्त व्याजमार्फत् संस्थाको साहित्य सन्ध्या, पुस्तक विमर्श, रचनावाचन जस्ता नियमित गर्ने कार्यक्रम तथा आन्तरिक खर्च व्यवस्थापनमा सघाउ पुग्ने र यसबाट साहित्यिक उन्नयनमा सहयोग पुग्ने अध्यक्ष बर्तौलाले बताए ।

संघ सरकारलाई दबाब बढाउन हेटौंडामा मुख्यमन्त्री भेला

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ संविधानबमोजिम संघले अधिकार नदिएको र असहयोग गरेको भन्दै सातै प्रदेश सरकारका मुख्यमन्त्रीहरुले संघीय सरकारलाई दबाब दिने भएका छन् ।

सातै प्रदेशका मुख्यमन्त्रीहरु आज शुक्रवार बागमती प्रदेशको राजधानी हेटौंडामा भेला हुँदैछन् । अधिकांश प्रदेशका मुख्यमन्त्री, प्रदेश सचिवहरु हेटौंडा बिहीवार नै आइसकेका छन् । भेलाले संघीय सरकारसँग संविधान बमोजिम अधिकार प्रत्यायोजनको लागि माग गर्ने जनाइएको छ ।

१५-१६ असारमा पोखरामा मुख्यमन्त्रीहरुको अन्तरप्रदेश बैठक र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकमा प्रदेशले संवैधानिक व्यवस्थाअनुसार नपाएका अधिकारहरु बारे गहन छलफल भएको थियो । मुख्यमन्त्रीहरुले प्रधानमन्त्री प्रचण्डसँग संघीयता कार्यान्वयनको गतिरोध अन्त्य गर्ने भन्दै ६ महिने अल्टिमेटमसहितको एउटा निर्णय गरेका थिए ।

तर, मंसिर सकिनै लाग्दा पनि संघीय सरकार प्रदेशलाई संवैधानिक अधिकार दिन इच्छुक नदेखिएको भन्दै मुख्यमन्त्री फेरि तात्तिएका हुन् । संघीय सरकारले आफूहरुका माग पूरा नगरेको भन्दै मुख्यमन्त्रीहरुले फेरि मोर्चाबन्दी कस्न लागेका हुन् । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले संघीय सरकारले प्रदेशले पाउनुपर्ने अधिकार टुंग्याईदिओस् भनेर बैठक बस्न लागेको बताए । 'सातै प्रदेशबाट मुख्यमन्त्रीजीहरु हेटौंडामा भेला बस्दैछौं । संघीय सरकारले संविधान बमोजिमको अधिकार प्रत्यायोजन गरिदिओस् भन्ने हाम्रो हाम्रो चासो हो, अधिकार नै नभएपछि प्रदेशले कसरी काम गर्ने ? ।', उनले भने ।

हेटौंडा बैठकले यस अघिका निर्णय कार्यान्वयनका लागि अहिलेसम्म भएका कामको समीक्षा गर्दै थप तदारुकताका लागि दबाब दिने उनले बताए । 'हामी बैठकले एउटा निष्कर्ष निकाल्छौं । त्यसपछि प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर हाम्रो चासोका विषयहरुमा ध्यानाकर्षण गराउँछौं ।', मुख्यमन्त्री जम्कट्टेलले भने । यसअघि पोखरामा बसेको मुख्यमन्त्रीहरुको बैठकले ६ महिनाभित्र संघीयता कार्यान्वयनमा देखिएका अस्पष्टता र दोहोरोपन हटाउने, जनशक्ति व्यवस्थापन र राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्ने, साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य गर्ने, प्रदेशले पाउने अधिकारलाई प्रत्यायोजन गर्ने लगायतका निर्णय गरेको थियो ।

तर, संघीय सरकारले ६ महिनाको अवधिमा ती निर्णय कार्यान्वयनको विषयमा कुनै कदम नचालेपछि मुख्यमन्त्रीहरु फेरि दबाब दिनुपर्ने अवस्थामा पुगेका हुन् । यसअघि मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रधानमन्त्री दाहाललाई भेटेर अलग्गै रुपमा ज्ञापनपत्र बुझाएका थिए । केही दिनअघि सत्तारुढ दल नेपाली कांग्रेसले प्रदेश स्तरमा सम्मेलनहरु गरेकोमा त्यहाँ पनि प्रदेशको अधिकारका विषयमा छलफल भएको थियो । त्यसक्रममा कांग्रेस नेताहरुले संघीयले प्रदेशलाई अधिकार नदिए आन्दोलनमा उत्रिन समेत पछि नहट्ने चेतावनी दिएका थिए ।

बागमती प्रदेश सरकारले अधिकार माग्दै यसअघि नै सर्वोच्च अदालतमा रिट निवेदन दिएको थियो । रिट निवेदनको सुनुवाई हुन सकेको छैन । प्रदेश प्रहरी समायोजनको विषयलाई लिएर बागमती सरकार संघ सरकारसँग रुष्ट छ । प्रदेशको पहिलो कार्यकालमा बागमतीको आन्तरिक मामिला तथा कानुनमन्त्री रहेका हालका मुख्यमन्त्री जम्कट्टेल प्रदेश प्रहरी समायोजन लगायतका अधिकारको विषयमा निरन्तर वकालत गर्ने नेतामा पर्छन् । तर, साढे ३ वर्ष कानुनमन्त्री भएका उनले प्रहरी समायोजनको विषयमा प्रदेशलाई अधिकार दिलाउन सकेका थिएनन् ।

उनै, जम्कट्टेलको नेतृत्वमा हेटौंडामा भेला राखेर अधिकारका लागि संघ सरकारसँग लड्ने मनस्थितिमा प्रदेश सरकार हरु पुगेको बुझिन्छ । संघीय सरकारले संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन नबनाउँदा प्रदेशहरुले काम गर्न नसकेको, योजना कार्यान्वयन र बजेट खर्च हुन नसकेको र प्रदेशको औचित्यमाथि नै प्रश्न उठेको भन्दै मुख्यमन्त्रीहरुले बारम्बार आवाज उठाउँदै आएका थिए ।

हेटौंडास्थित मानवसेवा आश्रममा दुईजनाको मृत्यु

हेटौंडा, १२ पुस/ मानवसेवा आश्रममा दुईदिनको अन्तरालमा दुईजनाको मृत्यु भएको छ । मकवानपुर हेटौंडा-९ लामसुरेधाप स्थित मानवसेवा आश्रममा बस्दै आएका दुईजनाको मृत्यु भएको हो ।

आश्रममा बस्दै आएका २५ वर्षीय अमित विश्वकर्माको बिहीवार बिहान मृत्यु भएको हो । सोही आश्रममा बस्दै आएकी १९ वर्षीया पूजा मानवको मंगलबार (१० गते) मृत्यु भएको थियो । अमितलाई असार २७ गते मकवानपुर बकैया गाउँपालिका-३ हात्तिसुँडेबाट उद्दार गरेर ल्याइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक (एसपी) सीताराम रिजालले जानकारी दिए ।

'कालगतिले मृत्यु भएको भन्ने खबर प्राप्त भएको छ, हामी बुझ्दैछौं' एसपी रिजालले भने । उनका अनुसार दुई दिनअघि मृत्यु भएको पूजालाई २०७६ मंसिर १ गते बाग्लुङबाट उद्दार गरेर ल्याइएको थियो। उनको पनि कालगतिले मृत्यु भएको भन्ने खबर प्रहरीलाई प्राप्त भएको एसपी रिजालले जानकारी दिए ।

मकवानपुर क्रिकेट क्लवलाई उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा बृहत खेलकुद तथा व्यापार महोत्सव अन्तर्गत भएको प्रधानमन्त्री कप क्रिकेट टिम छनोट प्रतियोगिताको उपाधी मकवानपुर क्रिकेट क्लबले जितेको छ ।

बिहीवार भएको फाइनल खेलमा ओमनगर क्रिकेट क्लवलाई ३९ रनले पराजित गर्दै मकवानपुर क्रिकेट क्लबले उपाधी जितेको हो । सुरुमा ब्याटिङ गर्न मैदान उत्रेको मकवानपुर क्रिकेट क्लवले निर्धारित ४० ओभर खेल्दै ९ विकेटको क्षतिमा सम्मानजनक २२३ रन बनाएको थियो ।

मकवानपुरका लागि सुमन सुनारले ७५ रन र रिजन ढकालले ५२ रन बनाउन सफल भए । ओमनगरको तर्फबाट रोहित ठाकुर र पियुष शर्माले समान २/२ विकेट लिए । २२४ रनको सम्मानजनक लक्ष्य पाएको ओमनगर ३८ ओभरमा अलआउट हुँदै १८४ रनमै सीमित बन्यो । ओमनगरको लागि गौरभ खड्काले ८७ रन र शुभ कंसाकारले ४२ रन बनाउन सफल भए । मकवानपुरको तर्फबाट समिर चौलागाईले ३ विकेट हात पार्न सफल भए ।

प्रतियोगिताको फाइनल खेलको म्यान अफ द म्याच रिजन ढकाल घोषित भए भने बेष्ट ब्याट्स म्यान गौरभ खडका, बेष्ट बलर समिर चौलागाई र प्रतियोगिताको प्लेयर अफ द सिरिलज तक्षक सिम्खडा घोषित भए । प्रतियोगितामा सहभागी भएका प्रतियोगीको खेल प्रदर्शनीका आधारमा मकवानपुरबाट १८ जना खेलाडीहरुलाई दोस्रो चरणको छनोट प्रतियोगितामा प्रदेश पठाउने प्रदेश क्रिकेट संघका उपाध्यक्ष प्रेम क्षेत्रीले जानकारी दिए ।

गत वर्षको प्रतियोगितमा मकवानपुरबाट रामनरेश गिरी, गौरव खड्का, रिजन ढकाल र शुभ कंसाकार छनोट भएका थिए । छनोट प्रतियोगितामा ५ वटा टिमले सहभागिता जनाएका थिए । मकवानपुर क्रिकेट संघका अध्यक्ष करण महत्रा क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिंह लामा, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्की लगायतले पुरस्कार वितरण गरेका हुन् ।

स्थापना दिवसमा न्यानो कपडा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ व्यावसायिक एकता समाजको रुपान्तरणमा हाम्रो भूमिका र व्यावसायिक वातावरण निर्माण गरी व्यावसायीको हक र अधिकार सुनिश्चितता सृजना गर्ने उद्देश्यका साथ स्थापना भएको जुत्ता चप्पल व्यवसायी संघ मकवानपुरको चौथो स्थापना दिवसको अवसरमा न्यानो कपडा वितरण गरेको छ ।

संघले बिहीबार मकवानपुरको बकैया गाउँपालिका ३ मा अवस्थित बालहित प्राथमिक विद्यालयका विद्यार्थीलाई न्यानो कपडा सहयोग गरेको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलबहादुर विकको अध्यक्षता तथा बकैया-३ का पूर्ववडाध्यक्ष दिलबहादुर भम्जनको प्रमुख आतिथ्यतामा कपडा वितरण गरिएको थियो । कार्यक्रममा जुत्ता चप्पल व्यवसायी संघ मकवानपुरका अध्यक्ष रामहरि तिमल्सिनाको विशेष आतिथ्यता रहेको थियो ।

विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको संघका अध्यक्ष तिमल्सिनाले बताए । चिसो मौसम भएकाले साना बालबालिकालाई पढ्नमा कपडाले न्यानो बनाउने छ भन्दै संघको स्थापना दिवसमा कपडा सहयोग गरिएको अध्यक्ष तिमल्सनाले बताए ।

कार्यक्रममा बकैया-३ का वडासदस्य हर्षबहादुर बल, विद्यालयका प्रअ शारदा फुयाल, जुत्ता चप्पल व्यवसायी संघका महासचिव केदार नाथ दुलाल, सचिव प्रहलाद खनाल, कोषाध्यक्ष राजु लम्साल, सल्लाहकार विर्जुदास बानियाँ, रामनाथ बानियाँ लगायत संघका पदाधिकारीको उपस्थिति थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७०२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

मेला हेर्न

बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म

हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि

९८४५०६८८७३, ९८४१०५३८०१

मुख्य आकर्षणहरु :

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्र्यागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता

खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क

विद्यार्थी :रू ५०

सर्वसाधारण : रू७०

मुख्य आयोजक

मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक

औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

हाम्रो कुरा

जलवायु परिवर्तनको मुद्दा

यतिबेला पुसको मध्यदिनमा पनि दिउँसोको घाममा बस्न नसक्ने भएको भन्दै चर्चा भइरहेको छ । हरेक वर्ष तापक्रम बढ्दो क्रममा रहेको छ । वायुमण्डलमा तापक्रम घट्ने र बढ्ने प्रक्रियाबाट विकसित जलवायु परिवर्तनको असरबाट समुदाय पीडित बनिरहँदा राज्य भने अनुदार बनेको आरोप लागेको छ । जलवायु परिवर्तनको असरबाट जुध्न बाध्य समुदायसम्म पुग्न नसकेको सरकार जलवायु परिवर्तनको मुद्दामा होटलमै बसेर बहसपैर वीमात्र गरिरहेको सरोकारवालाहरुले आरोप लगाएका हुन् । हेटौंडामा आयोजित जलवायु परिवर्तनमा सीमान्तकृत समुदायमा पारेको प्रभाव र राज्यको दायित्व विषयक बागतमी प्रदेशस्तरीय सम्मेलनमा सहभागी सरोकारवाला निकायले राज्य जलवायु परितर्वनको मुद्दा लिएर समुदायस्तरमा पुग्न नसकेको जिकिर गरेका छन् । जलवायु परिवर्तनको असर भोग्दै आएका सीमान्तकृत, गरिव, विपन्नवर्गमा राज्य पुग्न नसकेको र माथिमाथि बहस र पैरवीमा मात्रै अड्किएको सरोकारवालाले बताएका छन् । जलवायु परिवर्तनका असरले समुदायस्तरमा नराम्रो प्रभाव भइरहँदा पनि सरकार गम्भीर र संवेदनशील बन्न नसकेको आरोप लगाइएको हो ।

सीमान्तकृत तथा विपन्नवर्गमा जलवायु परिवर्तनको अवस्था र यसका असरबारे बुझाउन नसकिएको बताइएको छ । जलवायु परिवर्तनको मुद्दामा राज्य माथिमाथि उडेको आरोप लगाइएको छ । समुदायमा खोई पुगेको, जलवायु परिवर्तनको मुद्दामा राज्य माथिमाथि उडेर बसेको आरोप लागेको छ । जलवायु परिवर्तनका कारण उत्पन्न परिस्थितिबाट विपन्न वर्गका महिलाहरु स्वास्थ्य समस्याबाट गुज्रिरहेको बताइएको छ । शिक्षा, स्वास्थ्य र कृषि उत्पालनमा जलवायु परिवर्तनले प्रत्यक्ष असर पुऱ्याइरहेको छ । ग्रामीण क्षेत्र यसको असरबाट प्रभावित छ । तर, गाउँमै जलवायु परिवर्तनको असरहरु नियन्त्रणका योजना पुग्न नसक्नु दुःखद् विषय हो । जलवायु परिवर्तनसम्बन्धी कानुन, नीति, नियम अपाङ्ग जस्तै भएको छ । जलवायु परिवर्तनको विषयमा स्थानीय सरकारलाई प्रत्यक्ष जोडेर काम गर्नुपर्ने बताइएको छ । जलवायु परिवर्तनको विषयमा राज्य गम्भीर बन्न सकेको छैन । नदी, नाला, तालतलैया, सिमसार सुकेका छन् । बस्ती विस्तापित हुँदै गइरहेको छ । सिचाईं क्षेत्रमा सिचाई हुन नसकेको अवस्था छ । सीमान्तकृत समुदायमा जलवायु परिवर्तनको असर बढी परेको छ । महिला तथा सीमान्तकृत समुदायको जीविकोपार्जन तुलनात्मक रुपमा प्राकृतिक स्रोतमा बढी निर्भर रहेको र यी स्रोतहरु जलवायु परिवर्तनका असरप्रति अति संवेदनशील रहेका कारण स्रोतहरुको उपलब्धता र गुणस्तरमा आएको क्रमिक ह्रास तथा क्षतिका कारणले सीमान्तकृत समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको छ ।

जीविकोपार्जनका वैकल्पिक अवसरको अभावका कारण उनीहरु परिवर्तित प्रतिकूल परिस्थितिको सामना गर्न असमर्थ हुने गरेको छ । जलवायु परिवर्तनको कारक हरितगृह ग्यासको उत्सर्जनमा नेपालको भूमिका ज्यादै न्यून भएपनि यसको असर देखापरिसकेको छ । नेपालमा कृषि, जलस्रोत, जैविक विविधता तथा मानव स्वाथ्यलगायतका क्षेत्रमा जलवायु परिवर्तनले प्रभाव पारेको छ । पानी पर्ने समयमा फेरबदल र मौसममा गडबडी हुँदा खेती लगाउन समस्या भएको छ । भूक्षय र बाढीपहिरोका घटना बढ्नाले माटोको उर्वरा शक्ति घट्नाले कृषि उत्पादनमा ह्रास आएको छ । नयाँखालका कीटाणु तथा रोगव्याधि निस्किएर बालीनालीलाई क्षति पुऱ्याउने समस्या जलवायु परिवर्तनको कारण रहेको बिज्ञहरुले बताएका छन् ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बन्नबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस १४ गते शनिबार, ३० डिसेम्बर २०२३ । तृतीया, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५५, सूर्यास्त ५:१७ ।

आजको राशिफल

मेष	: परिवारमा कलह	तुला	: मानसिक अशान्ति
वृष	: यात्रामा बाधा	वृश्चिक	: कार्यमा ढिलाइ
मिथुन	: काममा सफलता हात पर्ने	धनु	: मांगलिक कार्य सम्पादन
कर्कट	: अपजस पाइने	मकर	: उपचारमा खर्च बढ्ने
सिंह	: बौद्धिक कार्यमा बाधा	कुम्भ	: मानमर्यादाको वृद्धि
कन्या	: व्यवसायमा विवाद	मीन	: नवीन कार्ययोजनामा लगानी

हरेक कदममा चुक्दै राजनीतिक दलहरू

✍ कुलचन्द्र वाग्ले

राजनीतिक दलहरू निरन्तर चुकिरहेका छन् । दल भन्नु र नेता, पदाधिकारी भन्नु समान अर्थ दिने शब्द बनाइएका छन् । दलमात्रै भन्दा त अमूर्त हुन्छ । जब त्यसमा नेता, कार्यकर्ता, जनता र तिनका अपेक्षा जोडिन्छन् तब दलहरू मूर्त लाग्छन् ।

यतिमात्रै कहाँ हो र ? सिद्धान्त, दर्शन, आचार, विचार र योजना अभिन्नरूपमा गाँसिएमात्र दलहरूको पहिचान बन्छ । त्यसमा जनताको परिक्रमा गर्ने वा जनतालाई नै केन्द्रमा राखेर राज्य सञ्चालनको सोच बोक्ने र यथार्थमा मौका पाउँदा गरी देखाउने इमानी समूह संगठन नै दल हुन् भन्ने लाग्थ्यो । राजनीति शास्त्रले सिकाउने शिक्षा यही हो तर अहिलेका नेपाली दलहरूले राजनीति शास्त्रले सिकाउने इमानभन्दा उल्टो चलन चलाएका छन् । शतप्रतिशतभन्दा केही कदमअघि र त्यसको तुलनामा धेरै कदम पछाडि चाल्ने गरेका छन् ।

धेरै कदम पछाडि हिँड्ने गरेपछि राजनीति राजनीतिजस्तो नहुने नै भयो । त्यस्तो कदमलाई प्रगतिशील कसरी मान्ने ? परिणाम जनता र दलहरू भिन्न भिन्न स्थानमा अर्थात् अलगथलग रहने दुई विपरीत ध्रुवजस्ता भए । नेपाली राजनीति जो बहुल प्रणालीमा छ त्यो दलहरूले नै परिचालित गर्ने हो । तिनीहरू नै कहिले सरकार त कहिले प्रतिपक्षमा बस्छन्, बसाइन्छन् । प्रणाली चलाउने दलहरू नै जब इमान र विधिमा चल्दैनन् तब के हुन्छ ? नेपालको हालत हेरे पुग्छ । राजनीतिले जनताको सेवा गर्नुपर्ने ठाउँमा जनता र कार्यकर्तालाई प्रभावशाली पदाधिकारी नेताको सेवक वा चाकर बन्नुपर्ने अवस्था बनाइएको छ । नेता, कार्यकर्ता र जनताबीच सम्बन्ध शृंखला समानन्तर अटुट हुनुपर्नेमा अहिले भने त्यो टुटे, टुटाइएको छ ।

राजनीतिमा हार्दिकता छैन । तिनका नेता जनताको लागि शुष्क र शोषकजस्ता लाग्ने रुखा चरित्रका छन् । चाकरका मात्र तारणहार हुने गुटका मात्र नेता आदर्श जनताका लागि घृणाको पात्र बन्ने रहेछन् । हेरौँ त यहाँका सबै छोटेमोटे नेता उस्तैउस्तै । स्वर एकातिर, धुन अर्कैतिर । नेपाली राजनीति यस्तैयस्तै विकृति विसंगतिले ग्रस्त बनाइएको छ । राजनीतिमा विकृति पसाउने नेता नै हुन् । उक्साउने चाकर, सेवकहरू र यसपछि तिनले हिँड्ने बाटो पनि त्यही हो । विधिको बाटो हिँड्दैन तर गजधम्म शीर्षासनमा टाँसिएको छ । सकिने बेलासम्म पर्खेर अरुको बाटो छेकेको छेक्यै छ । नेपाली दलका नेताको शारीरिक दम्भ हेर्नोस् त देखिने तस्बिर यस्तै छ । भन्नोस् तिनको बनोट कस्तो देखिन्छ ?

यो सबै गरिएको बयान देखिने चित्र चरित्रभन्दा भिन्न छ कि ? त्यसो देखिए यी पंक्ति क्षमा याचनामा पनि उभिएका हुन् । विगतको उदाहरण किन र कति दिने ? अनुभव गर्नसक्ने उमेरका भोक्ता, उपभोक्ताले त्यो, त्यस्तो विगत भोगेकै छन् । बुझेकै होलान्, सम्झेकै हुनुपर्ने ।

तैपनि जनता र तिनमा मिसिने इमानी कार्यकर्ताहरू रूपान्तरणको, शुद्धीकरणको वा सैद्धान्तीकरणको राजनीति फर्कने भरोसा जोगाएर व्यग्र प्रतीक्षा गरिरहेछन् । फर्काउने कोही आउला नि त इमानी इस्पात । आउन त त्यो दिन ल्याउन समय नै बाध्य छ तर त्यस्तो सुन्दर बिहानी आउँछ कति पुस्तापछि ? प्रश्न पनि सँगै छ ।

नागरिकले विश्वास त लिएकै छन् । थप देखेका पनि छन् र लक्षण भोगेका पनि छन् । त्यसैले तिनीहरू मान्छन् देरसबेर त्यो सुन्दर बिहानी ल्याउने ताकत लोकतन्त्रमा छ । तर, पर्खाइ भने समयको पनि भएन र भएन प्रक्रियाको पनि । भयो त केही ढल्दामात्र, अर्को शब्दांशमा विकृतिको गजधम्म नेता सिद्धिँदामात्र त्यो उज्यालो बिहानी उदाउने हो कि भन्ने आशामा पर्खनुमात्र ।

उदाहरण शृंखला छ । इतिहास बन्यो । जीवनको यादगार बन्यो । धेरै किन ? मुखैको राष्ट्रियसभाको निर्वाचनको जरकमरक हेर्नोस् त । दलहरू के गर्दैछन् ? तिनका सर्धैं पाउन पल्केका वा पल्काइएका पोषित पात्र जो आफूलाई नेता भन्न रमाउँछन् ती के गर्दैछन् ? हेर्नोस् त, चित्रचरित्र उदाहै देखिन्छन् नि !

सुनिएको हो । भनिन्छ संविधानमा पनि लेखेको छ रे 'नागरिक प्रतिनिधि वा सांसद् हुन समानुपातिक सूचीमा बसेपछि पाँच वर्ष भन्नुको अर्थ आवधिक निर्वाचनसम्म यस्तै अर्को अवसरमा जान पाइन्न, हात हाल्न पाइन्न ।' भनेको छ रे !

तर, देखियो समानुपातिक सूचीबाट नाम फिर्ता लिने वा हटाउने होडबाजी । अर्कोपटक फेरि त्यसमा हुल्ने यिनैको होडबाजी चल्ने नै छ । नेपाली कांग्रेसबाट मात्रै दुई सयभन्दा बढीले त्यो सूचीबाट नाम काटे वा नाममाथि टिपेक्स पोते रे ! यस्तै समाचार आयो । किन ?

निर्वाचन आयोगका कारिन्दा दलका समानुपातिकको ठाउँठाउँमा टिपेक्स पोत्न लागे । पहिलो त ती नामहरू दलका र त्यसमा पनि डाडुपन्यु समाएको नेताको समानुपातिक छनोट हुन् जनताका होइनन् ।

दोस्रो, नेताका परिक्रमीले स्वार्थी बेलामा नाम पसाउन र झिक्ने मिल्ने समानुपातिक सूची हो भने जो देखियो पनि । अनि पाँच वर्षको वा आवधिक चुनावसम्म समानुपातिकले अर्को अवसर पाउनेछैन भन्ने लाजमर्दो भारी किन संविधानलाई बोकाएको होला ?

यो विषय सोचभन्दा बाहिर थियो । तर, प्रजातान्त्रिक विचार समाज (प्रविस) को धाद्दिङ, नीलकण्ठमा भएको कार्यक्रमले यस्तो तर्कना र यथार्थ ब्युँझाइ दियो । केन्द्रीय समितिको बैठक, लोकतन्त्रमा चुनौती र निराकरणका उपाय विषयमा विचार गोष्ठी तथा समाजको वाग्मती प्रदेश अधिवेशनमा उठे, उठाइएका कुराले यस्तो तर्कना जाग्रत भएको हो ।

एक दिवसीय भारी भरकम त्यो कार्यक्रमको सुरु केन्द्रीय समिति बैठकमा राष्ट्रिय सभाको संरचना, चरित्र एवं दायित्व आदि विषयमा छलफल भयो । यसमा प्रविसको धारणा कस्तो बन्ने संकेत समेत आयो । संविधानको अक्षर र भावनाले देखाएको राष्ट्रिय सभाको बनोटमा सहभागिता वा समावेशिताको मर्म पनि उद्घाटित गर्न खोजियो । प्रविसमा उपस्थिति विभिन्न विषयमा जानकारी राख्नेहरूकै मिल्ती हो ।

समावेशी राष्ट्रिय सभाको संरचना भन्नु जातपातको मात्रै नभएर विचार, ज्ञान वा विभिन्न पेशा र वर्गबाट प्रतिनिधित्व गर्ने, त्यस्तै सबै भूगोल चिनिने संयोजन नै हो भन्ने निष्कर्षमा प्रविसको छलफल सहमतिमा अडियो पनि ।

विषय विज्ञ एवं राष्ट्रिय दायित्व निर्वाहमा परिपक्व र गम्भीर तर नयाँनयाँ पात्र जोड्नुपर्ने छलफलको निष्कर्ष रह्यो । मुलुकको समग्र पहिचान मिलन हुने उपल्लो सदन । यो तरिका नेपाली समाजको विविध विषयलाई जोड्ने, बोल्ने र उकास्ने उपायसमेत हो त्यहाँ मानियो । उपल्लो सदन जसलाई राष्ट्रिय सभा भनिन्छ त्यसको गाम्भीर्य गुरुत्वबोध दिने संरचना बनाइनुपर्ने तर नभएको गुनासो पनि आयो र छ । एकैछिनको छलफल र निष्कर्ष ।

बहुदलीय प्रणालीलाई सर्धैं एक कदम अघि र चार कदम पछि हिँडाउने दलपतिहरूले राष्ट्रियसभामा पनि आफ्नै परिक्रमीलाई पठाउने तारतम्य मिलाउँदै छन् । देखिँदै छ । प्रदेशदेखि सिफारिसको नौटंकी गरे पनि । यसअघि पनि देखिएकै हो अरू त के राष्ट्रिय सभाको अध्यक्ष हुन्छ त्यो पनि दल र त्यसकै पतिको कारिन्दाजस्तो बन्छ । मर्यादा च्युत । राष्ट्रिय सभाको संरचनामा आगामी थप गराइने पात्र, प्रवृत्ति र प्रक्रियाको झलक पनि आइसकेको छ । दलहरू यहाँ पनि जानाजान वा तेरोमेरो स्वार्थमा चुक्दैछन् । जो सचेत नागरिक र जनतामा निराशा, वैराग्य वा राजनीतिप्रति वितृष्णा थप्ने थप अर्को कारण हुने नै छ । आगोमा घिउ खन्याएजस्तो ।

(साभार: बाह्रखरी)

'पढ्ने नाममा कमाउन मात्रै अष्ट्रेलिया जाने दिन गए'

✍ प्रा.डा. कृष्ण कु. श्रेष्ठ

'आगामी केही वर्ष हामी अहिले जसरी यति छिटो (विदेशी विद्यार्थीको संख्या) बढाउन चाहँदैनौं' अष्ट्रेलियाकी गृहमन्त्री क्लेर ओनीलले केही साताअघि पत्रकारहरूको अगाडि अष्ट्रेलियाको संघीय सरकारको दशवर्षे आप्रवासन रणनीति सार्वजनिक गर्दै भनिन् । बदलिएको आप्रवासन नीतिले सन् २०२५ को जून महिनाभित्र देशमा वार्षिक भित्रिने आप्रवासीको संख्या घटाएर अढाइ लाख पुऱ्याउँदै कोभिड महामारीअघिकै अवस्थामा फर्काउने लक्ष्य राखेको छ । संख्या घटाउन स्वाभाविक रूपमा नीति अनुरुपका कडिकडाइपूर्ण विधि अगाडि बढाउने भइहाल्यो ।

अष्ट्रेलिया सरकारले आप्रवासन नीतिमा बदलाव ल्याएपछि बबाँदै भयो कि भनेर चर्चा भइरहेको भेट्छौं । यो हाम्रो लागि चुनौतीपूर्ण होला तर संकट होइन । राजनीतिक-प्रशासनिक निर्णयबाट नीतिमा बदलाव आउँदा संकटको अनुभूति हुन्छ नै । मानवको रूपमा हामी अलि धेरै यथास्थिति र बढीमा स-साना परिवर्तन मात्र मन पराउँछौं किनकि ठूला परिवर्तनबाट के के नै होला भन्ने डर हुन्छ ।

अष्ट्रेलियामा महत्वपूर्ण योगदान गर्दै आएको नेपाल जस्तो देशले नयाँ आप्रवासन नीतिलाई अवसरको रूपमा लिनुपर्छ । चीन र भारत जस्ता देशहरूसँगै तुलना गर्दा पनि नेपाली आप्रवासीले यहाँको अर्थतन्त्रमा ठूलो हिस्सा योगदान गर्दै आएका छन् । अष्ट्रेलियाको लागि नेपाल अरु ठूला राष्ट्रहरूको तुलनामा एउटा महत्वपूर्ण योगदानकर्ता हो । यसक्रममा हाम्रो राम्रो प्रतिष्ठा पनि बनेकै छ । अष्ट्रेलिया सरकारको चिन्ता आप्रवासीको संख्या होइन, बरु तीव्र वृद्धिदर हो । पछिल्लो दुई वर्षमा यो दर अचाक्ली बढेको थियो । त्यसैले नयाँ आप्रवासन रणनीतिको प्रभावलाई हामीले संकटको मानसिकताबाट मात्र हेर्नुहुँदैन ।

नीतिगत परिवर्तनको पृष्ठभूमि

कुनै पनि नीतिमा यति ठूलो परिवर्तन यत्तिकै शून्यतामा आउँदैन । पर्दा पछाडि धेरै लबिइङहरू भएका थिए । हुन त क्यानडा र बेलायतमा पनि अष्ट्रेलियामा जस्तै आप्रवासन नीतिमा समीक्षा र बदलाव भइरहेको छ । उनीहरू पब्लिक पोलिसी माइग्रेसनमा संयुक्त रूपमा अगाडि बढिरहेका देखिन्छन् ।

यसअघि कोभिडको समयमा पनि भिसा दुरुपयोग भएको, विद्यार्थीले नपढेको लगायत विषयमा समीक्षा भएको थियो । नेपाल जस्तो एउटा गरिब देशको विद्यार्थी यति ठूलो संख्यामा अष्ट्रेलिया आएर कसरी पढ्न सक्छन् भन्ने बहस यहाँ देखिन्छ । विद्यार्थीलाई कामदार बनाएर दुरुपयोग गरिएको बहस पनि यहाँका नागरिकबीच छ । खासगरी एन्टी-नेपाली र एन्टी साउथ एशियन नकारात्मक बहसहरूले राजनीतिक नेतृत्वमा दबाब सिर्जना हुने भइहाल्यो ।

अष्ट्रेलिया आएर विद्यार्थीले कोर्ष हपिङ (अप्लाई गरेको भन्दा फरक कोर्ष पढ्ने), कलेज बदल्ने, नपढ्ने (कलेजमा उपस्थिति असाध्यै कम हुने), काम मात्रै गर्ने लगायत समस्या थिए । पैसा कमाउने धुनमा एजेन्ट (कन्सल्टेन्सी) हरू सबै कुरा बिर्सिएर विद्यार्थी बेच्न लागे । कतिपय कलेजहरू नै यसरी लागे । यस सन्दर्भमा नेपाली एजेन्ट र प्रोभाइडरप्रति व्यापक प्रश्न छ । यही पृष्ठभूमिमा आएको नयाँ आप्रवासी नीतिको निशाना यहाँको डिप्लोमा पढाउने भेट कलेजहरूप्रति बढेको छ ।

कोभिड महाव्याधिको बेला यहाँ विद्यार्थीलाई काम गर्न धेरै नै खुला भयो । यसक्रममा डेढ वर्षमा एक्कासी ५ लाख १० हजार विद्यार्थी अष्ट्रेलिया प्रवेश गरे । कोभिड अगाडि यो संख्या २ देखि अढाइ लाखको बीचमा हुन्थ्यो । एक्कासी धेरै विद्यार्थी भए । यीमध्ये धेरै विद्यार्थीले पढेनन् । खासगरी नेपाली र इन्डियन विद्यार्थीकै बढी समस्या देखिए ।

विद्यार्थीले समस्या सिर्जना गरे भन्ने अर्को पृष्ठभूमि छ । जनसंख्या धेरै हुँदा शहरहरूको भौतिक पूर्वाधारले पनि धानेन, लिभिङ पनि गाह्रो भयो । अचानक जनसंख्या बढ्दा यहाँ भाडामा घर पाउन समस्या हुनथाले । रेन्टल र हाउजिङको संकटसँगै रोजगारीमा पनि समस्या देखिन थाल्यो । विद्यार्थीले जस्तो काम पनि गर्ने, जति पैसामा पनि काम गर्ने गर्दा देशको श्रम बजारको प्रतिष्ठामा आँच पुगिरहेको सन्देश अष्ट्रेलियन राजनीतिक नेतृत्वमा पुग्यो ।

विद्यार्थीको मात्रै नभएर अरु आप्रवासीको पनि राम्रो भएन । दक्ष जनशक्ति भन्दा सामान्य सीप पनि नभएका जनसंख्या बढ्यो । कपाल काट्ने, क्लिनर जस्ता जनशक्ति हामीलाई यति धेरै किन चाहियो भन्ने पनि भयो अष्ट्रेलिया सरकारलाई । साइबर सेक्युरिटी र क्लाइमेट चेञ्ज विज्ञ, इन्जिनियर, औषधि विज्ञान लगायतका हाई स्किल्ड जनशक्ति बढाऔं, अदक्षलाई पर्मानिन्ट रेसिडेन्सी दिएर हुँदैन भनेर बहस यहाँ सुरु भयो । त्यसो त, अष्ट्रेलियाको लागि लो स्किल्ड होइन, हाई स्किल्ड माइग्रेसन मात्रै गर्ने भन्ने चर्चा ३/४ वर्ष अघिदेखि नै थियो ।

माइग्रेसन एजेन्ट र कलेजहरू जसरी हुन्छ पैसा कमाउने धन्दामा लागे । विद्यार्थीको नाममा कामदार ल्याउने र उनीहरूको शोषण गर्न थाले । यसले अष्ट्रेलियाको प्रतिष्ठा नै खस्क्यो । यही पृष्ठभूमिमा अष्ट्रेलियाको इतिहासमै आप्रवासन नीतिमा सबैभन्दा ठूलो परिवर्तन भएको छ । मूलतः नेपाल, भारत, इन्डोनेसियाका आप्रवासी विद्यार्थी निशानामा परेका छन् ।

नयाँ रणनीति कार्यान्वयनसँगै पैसालाई मात्रै फोकस गरेर चल्ने कलेजहरूको भविष्य अँध्यारो बनेको छ । सीटीईभीटी व्यावसायिक शिक्षा पढाउने डिप्लोमा कलेजहरू पनि यो निर्णयबाट अत्यधिक प्रभावित हुन्छन् । उनीहरूको त एकप्रकारले पसल नै बन्द हुनेभयो । लटर पटर पार्छु भन्नेको चाहिँ दिन गएकै हो । नेपाली विद्यार्थी र एजेन्सीहरूको बहुमत लटरपटर पार्ने नै थिए । विद्यार्थीसँग तीन गुणा बढी असुल्ने एजेन्टहरूले पनि छवि बिगारेका छन् । शुल्क उपयुक्त हुनुपर्छ । कार्टेलिङ पनि रोक्नुपर्छ ।

राजनीतिक पृष्ठभूमि

अष्ट्रेलियामा अहिले लेबर पार्टीको सरकार छ । लेबर पार्टीभित्र युनियन हुन्छ । युनियन मुभमेन्टमा कामदारहरूको न्यूनतम ज्यालादर बारे प्राथमिकताका साथ छलफल, बहस हुने भइहाल्यो । विद्यार्थीलाई न्यूनतम ज्याला पनि नदिएर क्याम्पसमा काम गराउने अभ्यासलाई उनीहरूले रुचाउँदैनन् । त्यस्तै, एउटा रेष्टुरेन्टले पनि १० जना कामदारलाई स्पोन्सर गरेर अष्ट्रेलिया भित्र्याइरहेका थिए । लेबर पार्टीले व्यवस्थित रूपमा कामदारको अधिकार सुरक्षित बनाउन काम गरिरहेको छ ।

त्यस्तै, यहाँका सरकारी क्याम्पसहरूमा विदेशी विद्यार्थीले बढी पैसा तिर्छन् । तर निजी क्याम्पसमा धेरै विद्यार्थी जाँदा सरकारीमा विद्यार्थी अभाव भयो । उनीहरूले पनि आवाज उठाउन थाले । हाम्रोमा आउनुपर्ने विद्यार्थी निजी कलेजका कमजोर कोर्षहरूमा जाने, सस्तो कोर्ष खोज्दै हिंड्ने त्यो पृष्ठभूमि पनि छँदैछ । यसमा विश्व विद्यालयहरूले गर्ने लबिइङले लेबर पार्टी नेतृत्वको सरकार प्रभावित हुने भइहाल्यो ।

नयाँ अवसर

नयाँ १० वर्षे रणनीतिले गुणस्तरीय शिक्षा हासिल गर्ने उद्देश्य राख्नेहरूका लागि भने झन् अवसर बढाएको छ । उनीहरूलाई अब सरकारले नै सहयोग गर्छ । किनकि यसमा केही नयाँ प्रतिबद्धताहरू पनि आएका छन् । अंग्रेजी भाषा परीक्षणमा नयाँ मापदण्डहरू बनाइएका छन् । यसअघि भाषा कमजोर हुँदा सिकाइ अनुभव पनि नराम्रै हुने अवस्था थियो । अब शैक्षिक उद्देश्यका लागि अंग्रेजी भाषा राम्रो बनाएकाहरूले गुणस्तरीय शिक्षा पढ्न पाउँछन् ।

सबै अन्तर्राष्ट्रिय विद्यार्थीका लागि जेन्युन स्टुडेन्ट टेस्ट ल्याएको छ जसले अहिलेको जेन्युन टेम्पोररी इन्ट्रान्सलाई विस्थापन गर्नेछ । विद्यार्थी भिसालाई नयाँ प्राथमिकीकरण गरिएको छ । अब अन्तर्राष्ट्रिय विद्यार्थीले भिसा प्राप्तिका लागि थप मापदण्डहरू पूरा गर्नुपर्नेछ । पहिला आफ्नो वर्तमान अवस्था देखाएर स्कोर बढाउने विद्यार्थीले अब भविष्यको योजना प्रस्तुत गर्नुपर्छ जसले अष्ट्रेलियाको अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने कुरा विश्वस्त तुल्याउन सकियोस् । अब विद्यार्थीसँग भविष्यको योजना गज्जब छ भने उनीहरूले यसलाई बेच्न सक्छन् ।

हाई स्किल्ड साइबर सेक्युरिटी, नर्सिङ, मेडिसिन, एजकेयर, इन्जिनियरिङ लगायतमा १३५ हजार अष्ट्रेलियन डलरभन्दा बढी वार्षिक तलब सुनिश्चित गर्न सक्नेहरूको तत्काल पर्मानेन्ट र टेम्पोररी रेसिडेन्ट दिने भन्नेछ । यसमा योग्य हुनको लागि अष्ट्रेलिया आएर स्नातक, स्नातकोत्तर, पीएचडी लगायतका डिग्री लिनुपर्ने हुन्छ । नेपालमै अध्ययन गरेर यहाँ योग्य साबित हुन धेरै मुस्किल छ । यहाँ आएर राम्रो विषय पढ्नेलाई छिटो पीआर र छिटो जागिर सुनिश्चित हुन्छ भन्ने सन्देश अष्ट्रेलियाको सैँय सरकारले दिएको छ । यहाँको सिस्टमको छिद्रहरू प्रयोग गरेर आउने र बस्ने सुविधा अब छैन ।

त्यसैले आप्रवासन नीति अलि कडा बनाउँदैमा आत्तिनुपर्दैन । नयाँ रणनीतिको नीतिगत स्पष्टताले भिसा सक्सेस रेट बढ्न पनि सक्छ । तर, प्रणालीका छिद्रहरू दुरुपयोग गर्दै नराम्रो काम गर्नेहरू भने यसबाट पक्कै प्रभावित हुन्छन् । हामी स्पष्ट हुनुपर्छ, अष्ट्रेलियाको नयाँ आप्रवासन नीति नियन्त्रणको लागि होइन, सहयोगको लागि हो । अष्ट्रेलियाले आफूलाई शैक्षिक गन्तव्यको रूपमा पुनर्परिभाषित गरिरहँदा उच्च गुणस्तरीय शैक्षिक गन्तव्यको रूपमा चिनाउन खोज्दैछ । देशको शैक्षिक प्रतिष्ठामा आँच आउन दिने पक्षमा अष्ट्रेलिया छैन । रातारात सबै कुरा ठिक बनाउन सक्छु भनेर लागिरहेको अष्ट्रेलियाका लागि पनि यो सम्भव छैन । यो नीतिले यहाँको अर्को चुनाव निर्धारण गर्छ । तत्काल लागू होला तर चुनावपछि बदलिन सक्छन् । नाटकीय ढंगले यसमा बदलाव ल्याइएछ भने पनि अचम्म नमाने हुन्छ ।

अब के ?

नेपाल, पञ्जाबबाट आउने विद्यार्थी होइनन्, कामदार हुन् भन्ने धारणा नै बनेको छ । एजेन्टहरूले यसमा बलियो भूमिका खेलिरहेका छन् । यही मिथको आधारमा नीति बनेका छन् । अष्ट्रेलिया आउने हरेक मानिस यहाँ बस्नकै लागि आएका हुँदैनन् । तर संकथन यही बलियो बनेको छ । विचार निर्माण नै यसरी भइरहेको छ । नेपाल विरुद्ध बनिरहेको काउन्टर डिस्कोर्सको बारेमा गम्भीर भएर सोच्नुपर्ने अवस्था आएको छ । त्यसैले यो सोच्ने र नयाँ रणनीति बनाउने समय हो । तर, नेपाल सरकार र नेपाली डायस्पोराको क्रियाकलाप चिन्ताजनक छ ।

नेपालबाट अष्ट्रेलिया ४०-४५ हजार मानिस आउन पाउँथे । भूमण्डलीकृत अवस्थामा नेपालीहरू रेमिट्यान्सका लागि साउदी अरेबिया लगायतका गल्फ कन्ट्रीमा गएकै छन् । अष्ट्रेलियामा आउँदा पढ्ने र कमाउने दुवै राम्रो हुन्थ्यो । मरुभूमिको तातो खानुपर्थेन । धेरै अवसर थिए अष्ट्रेलियामा । एक्कासी अष्ट्रेलियाले आप्रवासन नीति धेरै कसिलो बनाउँदा नेपाललाई नेमिङ एण्ड सेमिङ (पर्दाफास गर्ने) गरेको छ । आफ्नो देश र नागरिकमाथि यस्तो व्यवहार हुँदा नेपाल सरकार चुप बस्नु दुर्भाग्यपूर्ण कुरा हो । हाम्रो सरकारले तत्काल कूटनीतिक पहल गर्नुपर्ने हो ।

हाम्रो सरकारले न गतिलो राजदूत पठाउन सक्छ न गतिलो कन्सुलेट जनरल । राम्ररी अंग्रेजी बोल्न नसक्ने मानिस कन्सुलेट जनरल बन्छ । क्यानबेरामा आएर रेष्टुरेन्ट खोल्ने मान्छे मात्रै राजदूत बन्छ । यो नेपालको राजनीतिक रोगले अष्ट्रेलियामा केही नबुझेका मानिसहरू आइपुग्छन् । फलतः हाम्रो कूटनीति कमजोर मात्र होइन, यहाँ कसैले हिसाबै गर्दैन ।

हामी दुई लाखभन्दा बढी नेपाली अष्ट्रेलियामा छौं । इजरायल-प्यालेस्टाइन युद्धमा ३२ हजार यहुदीहरूले संसद भवन घेरे । हामी दुई लाखभन्दा बढी नेपाली यहाँको पीआर होल्डर नागरिक नै छौं तर कोही पनि बोल्दैनौं । सबै आ-आफ्नो काममा चुपचाप छन् । नेपालको कूटनीतिक निकायले केही पनि गर्दैन । चुप लागेर बस्छ । भाँडभैलो र भद्रगोल हुँदा यहाँ केही नेपालीहरूले बनाएको प्रतिष्ठा समेत बिग्रने अवस्था छ । केही समय अगाडि लक्की शेर्पा प्रकरण भयो । अहिलेका राजदूतले यस्तो अवस्थामा पनि आवश्यक सक्रियता देखाउन सकेका छैनन् । अष्ट्रेलिया सरकारले यति ठूलो निर्णय लिंदा ६६ हजार नेपाली विद्यार्थी स्पष्ट हुन चाहिरहेका छन् । तर नेपाल सरकारको न कुनै प्रतिक्रिया छ न त चिन्ता नै । यसरी नेपाली कूटनीति निष्क्रिय मात्र होइन, नकारात्मक नै भयो ।

(साभार: अनलाइनखबर)

अन्तरवार्ता

हाम्रो टिममा त्यस्तो असमझदारी छैन: मुख्यमन्त्री जमकट्टेल

मुलुक संघीय संरचनामा प्रवेश गरेको पनि सातौं वर्ष बित्दै छ । यसबीच दुई-दुई पटक निर्वाचन सम्पन्न भएर तीनतहका सरकार बने । नयाँ व्यवस्थामा प्रवेश गर्दा केही समय संक्रमणकालीन अवस्थामा गुज्रिनुलाई स्वाभाविक मान्न सकिन्छ । तर, सात वर्ष बितिसक्दा पनि प्रदेश सरकार स्वायत्त हुन सकेको छैन । संघीय सरकार सञ्चालकको केन्द्रीकृत मानसिकता नबदलिँदा संघीय संरचनामाथि नै प्रश्नहरु उठ्न थालेका छन् । संघीय संरचनाले पूर्ण क्षमतामा काम गर्न नपाउँदै यसको स्थायित्वलाई लिएर स्वयं राजनीतिक वृत्तमै पनि आशंका उत्पन्न हुनथालेको छ । प्रदेशलाई संघको शासकीय एकाइ जस्तो बनाउने काममा स्वयम् केन्द्रका नेता तल्लीन छन् । प्रदेश सरकार चलाउन संघले आवश्यक कानुन नबनाइदिँदा प्रदेशका मुख्यमन्त्रीहरु आन्दोलनको मानसिकतामा पुगेका छन् । बागमती प्रदेश सरकारले त संघविरुद्ध मुद्धा नै हालिसकेको छ । भोलि शुक्रवार हेटौंडामा मुख्यमन्त्रीहरुको बैठक समेत बस्दै छ । यसै सन्दर्भमा केन्द्रित रहेर साझाकुरा संवाददाता ***निशा गुरुङ***ले बागमती प्रदेशका मुख्यमन्त्री ***शालिकराम जम्कट्टेल***सँग गरेको कुराकानीको सम्पादित अंश :

शालिकराम जम्कट्टेल
(मुख्यमन्त्री), बागमती प्रदेश

◆ *संघले आवश्यक कानुन नबनाइदिँदा प्रदेशका मुख्यमन्त्रीहरु आन्दोलनको मानसिकतामा पुगेको हो ?*

हाम्रो यो नियमित बैठक हो । जुन हामी ६/६ महिनामा एकचोटी बस्ने गर्छौं । असारमा हामीले गण्डकी प्रदेशमा बसेका थियौं । र त्यसमा सम्मानीय प्रधानमन्त्रीज्युको पनि उपस्थिति रहेको थियो । त्यसैमा राष्ट्रिय समन्वय परिषद्को बैठक पनि भएको थियो । हामीले ७ वटै प्रदेशको मुख्यमन्त्रीहरुको बैठकबाट हामीले काम गर्न विशेषगरी जनतालाई सेवा दिन परेका अफ्टेरोहरु के के हुन् भन्ने कुराको निश्चित रुपमा पेश गरेका थियौं । त्यसमा केही कुराहरु सम्बोधन पनि भएको छ ।

जुन मंगलवार मात्रै सम्मानीय प्रधानमन्त्रीज्युले एक वर्षको आफ्नो कार्यकालको समीक्षा सार्वजनिक गर्नुभयो । त्यसमा पनि केही कुराहरु आएको छ । त्यसैको निरन्तरतास्वरुप यही १३ गते नियमित बैठक हो । जुन हेटौंडामा बस्दै छौं । जस्तो यहाँले भन्नुभएजस्तो आन्दोलनको मानसिकताको कुरा छ । ती विषयहरु अलि जटिल छन् । ती विषयहरु छिटो संघले टुंग्याईदेओस् भनेर हामीले एउटा संघीय सरकारलाई संयुक्तरुपमा सातै प्रदेशका मुख्यमन्त्रीहरुले भनिरहेका छौं । र अहिले पनि हामी त्यही कुरा भन्छौं । आन्दोलन नै गर्नुपर्ने अवस्था त मैले देख्दिन । किनभने अहिलेको प्रधानमन्त्रीज्यु जो यो विषयमा अत्यन्तै चासो दिइरहनु भएको छ ।

संघीयतालाई सुदृढ गर्ने कुरामा उहाँले बोली पनि रहनु भएको छ । संघीयतालाई सुदृढ बनाउन केही दुई तीनवटा कानुनहरु आवश्यक छन् । प्रहरी समायोजन छिटो गर्दिनु पर्ने स्थिति छ । त्यसैगरी संघीय निजामती सेवा ऐन छिटो घोषणा गर्दिनुपर्ने अवस्था छ । शिक्षा ऐन संसदमा पेश भएको छ । केही जग्गा प्राप्तिका कुराहरु छन्, वन ऐनसँग बाझिएका कुराहरु छन् । हाम्रो १३ गतेको बैठकमा पनि यही विषयमा केन्द्रित रहेर छलफल हुन्छ ।

◆ *माओवादी नै सरकारमा छ, प्रदेशमा पनि गणतन्त्रवादी नै । प्रतिपक्ष पनि प्रतिवद्ध छ भनेर भनिरहेकै छन् । उनीहरुकै सरकार हुँदाप्रदेश सरकारले संघविरुद्ध मुद्दा हालेका छन् । कतै यी ठूला दल बाहिर बोल्ने तर, भित्रि मनसाय चाहिं संघीयता नचाहेको त होइन ?*

होईन, त्यो त हामीले संघीयता नचाहेको होइन । संघीयतालाई सुदृढ गर्नलाई हामीले मुद्दा हालेको हो । त्यो ऐन विशेषगरी यातायातसँग सम्बन्धित सहरी क्षेत्र यातायात व्यबस्थापन सम्बन्धी २०७७ सालमा जुन ऐन संसदले पास गऱ्यो । जतिखेर म आफैं आन्तरिक मामिला तथा कानुनमन्त्री थिएँ । मैले त्यतिखेरै यो बैठिक छ भनेर म मुद्दामा जान लागेको हो । त्यतिखेर यो कार्यान्वयनमा लान खोजिएको थियो हामीले कार्वान्वयनमा नलगियोस् भनेर भनेका थियौं । तर, अहिले भौतिक मन्त्रालयले यसलाई कार्यान्वयनमा लान खोजेको पाईसकेपछि हामीले रोक्न खोजेको हो ।

किनभने समग्रमा प्रदेशको यातायातको व्यबस्थापनको जिम्मेवारी प्रदेश सरकारको हो । त्यो ऐनले हाम्रो संविधानले दिएको यातायात क्षेत्र व्यवस्थापनको अधिकारमाथि हस्तछेप गरेको छ । यो संविधान विरुद्धमा छ । त्यसैले हामीले हाम्रो क्षेत्राधिकार संविधान अनुसार हस्तक्षेप नगरियोस् भनेर हामी मुद्दामा गएका हौं । यसले संघीयतालाई कमजोर होईन यसले संघीयतालाई सुदृढ गर्छ । यस्ता विषयमा हामीले लड्नु पर्ने हुन्छ । किनभने एकले अर्कोको अधिकार माथि हस्तक्षेप भयो भने त संविधान अनुसार हामीले कानुनी बाटो रोज्नुपर्ने हुन्छ ।

◆ *गत असारमा अन्तर प्रदेश मुख्यमन्त्रीको बैठकमा सत्रबुंदे मागपत्र राखेर मुख्यमन्त्रीहरुले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउनुभएको थियो । मधेश प्रदेश सरकारले प्रदेशलाई अधिकार दिने सवालमा अल्टिमेटम नै दिएको छ । संघीय सरकारले माग पूरा नगरे आन्दोलनमा उत्रने भनेको छ । दाहाल सरकारले पनि कानुन बनाएर प्रदेशलाई अधिकार सम्पन्न बनाउन सकेन भने संघीयता नै जान सक्ने अवस्था सिर्जना भएको हो ?*

संघीयता नै जाने अवस्था त होइन । त्यो मनस्थिति कसैको पनि छ जस्तो मलाई लाग्दैन । मात्र के हो ? भने हामी पहिलो कार्यकाल सकाएर दोश्रो कार्यकालको एकवर्ष पनि बिताईसक्यौं । तीन तहकै सरकार स्थानीय सरकारले दुई आर्थिक वर्षको बजेट प्रस्तुत गरि सक्यो अब संघीय सरकार र प्रदेश सरकारले एक आर्थिक वर्षको बजेट प्रस्तुत गरेर हामी त्यो कार्यान्वयको क्रममा छौं । त्यसैले संघीयतको विरुद्धमा अथवा संघीयता चाहिदैन भन्ने त अहिले एकाध आफ्नो दृष्टिकोण अनुसार पुरानै सिद्धान्त अनुसार संघीय गणतन्त्र होइन पुरानै राजतन्त्र चाहिन्छ भन्ने मान्छेहरु त्यस्ता केही संस्थाहरु त छन् ।

तर, त्यो त्यति धेरै प्रभावकारी र व्यबस्था विरुद्धमा जाने हैसियत राख्दैन । त्यसकारणले गर्दा अब यो व्यबस्थालाई सुदृढ गरेर जानुको विकल्प हामी कसैसँग पनि छैन । यो व्यबस्था जनताले लडेर ल्याएको व्यबस्था हो । अहिले फेरि संघीय सरकारले पनि काम नगरेकै होइन । यो विषयमा, जुन पहलकदमी सम्माननीय प्रधानममन्त्रीज्युले लिईरहनु भएको छ । गठबन्धन दलभित्रका शीर्ष नेताहरुको जुन बुझाई छ संघीयताप्रति त्यो हेर्दाखेरी संघीयताप्रतिको शासन प्रणाली छ यसमा कुनै प्रश्न उठाउनुपर्ने ठाउँ छ जस्तो मलाई लाग्दैन ।

अलिकति ढिला भएका कुराहरु विशेषगरी प्रदेशले संघबाट पाउनुपर्ने अधिकारहरु हस्तारण भएर आउनुपर्ने संस्थाहरु निकायहरु नआउँदाखेरी यत्रो वर्ष भईसक्यो किन आएन ? भन्ने कुरा समयसापेक्ष ठीकै हो । मैले अरु मुलुकहरुको पनि अध्ययन गरेँ अरु मुलुहरुमा पनि १०/१५ वर्ष लागेको रहेछ । जहाँ संघीय शासन प्रणाली कायम भएको छ ती मुलुकहरुमा पनि संघीय सरकारले ऐनहरु बनाएर सबै निकायहरु हस्तारण गर्न दुई तीन कार्यकाल लागेको देखियो त्यहाँ पनि ।

◆ *सात प्रदेशका मुख्यमन्त्रीमध्ये बागमती प्रदेशका मुख्यमन्त्री किन कमजोर ? संघीय प्रदेशको छायामा परेको हो बागमती सरकार ?*

त्यस्तो होइन नी, बागमती प्रदेश त झन् बलियो छ नि । संघविरुद्ध पहिला मुद्दा हाल्ने बागमती प्रदेश होइन र ?

◆ *काठमाडौंको एउटा ढल बिग्रँदा प्रधानमन्त्री प्रचण्डलाई गाली गर्छन् । मेयर बालेनलाई पनि गाली गर्छन् । तर, बागमतीका मुख्यमन्त्रीलाई त सम्झने कोही भेटिँदैनन् । यसलाई हामीले कुन रुपमा लिने ? मुख्यमन्त्रीहरु पार्टीको हाइकमान्डसँग नतर्सीकन काम गर्ने वातावरण कहिले बन्ला ?*

होइन, अब यस्तो छ । हाम्रो कार्यक्षेत्रको विभाजन छ । काठमाडौं महानगरभित्रको मेयर सापको संघीय सांसदहरुसँग भएको प्रदेशको बारेमा धारणाहरुको बारेमा तपाई हामीले पनि सुनिरहेकै छौं । विकास सम्बन्धी कुराहरु पनि सुनेका छौं । तर, काठमाडौंमा हाम्रो उपस्थिति पनि कमै छ । एउटा त महानगर भयो अर्को हाम्रो भन्दा महानगरको बजेट पनि धेरै छ । मेयरले फेरि माननीयहरु यहाँ नआउ भनेर उहाँले सीधै भनिरहनु भएको छ । त्यो अबस्थामा काठमाडौंको कुरा अलि अलग हो । तर, अरु ठाउँमा हेर्नुहुन्छ भने हामी धेरै बलियो छौं नी ।

◆ *प्रदेश सरकारले किन पूँजीगत खर्च घटाउँदै साधारण खर्च बढाउँदै लगेको ? यसले प्रदेश सरकार खर्चिलो भयो, सफलभएन, त्यसकारण यसको औचित्य छैन भन्ने प्रश्नहरु उठिरहेका छन् नि ?*

होइन । हामीले साधारण खर्च घटाएका छौं । साधरण खर्च बढाउने भन्ने हाम्रो नीति नै छैन । हाम्रो साधरण खर्च र चालु खर्च अथवा पुँजीगत खर्च हेर्दाखेरी अब हाम्रो पुँजीगत खर्च यसपालि मलाई लाग्छ ८० प्रतिशत भन्दा माथि हुन्छ हाम्रो । हामीले अहिले जे आंकलन गरिराखेका छौं ।

जसरी कामहरु जुन र फ्तारमा अगाडि बढिराखेको छ, त्यो हेर्दाखेरी सबैभन्दा धेरै पुँजिगत खर्च हुन्छ यसपालि त्यसैले साधरण खर्च बढेको छैन र साधरण खर्च घटेको छ । धेरै कुराहरु हामीले बिगतका तुलनामा कम गरेका छौं । अब विकास र समृद्धका लागि पुँजिगत खर्छ बढाउनुपर्छ हामीले त्यसमै लागेका छौं हामी ।

◆ *संघ सरकारको एक वर्ष र तपाईं मुख्यमन्त्री भएको पनि २५ पुष्मा एक वर्ष हुँदैछ । यो एकवर्षे कार्यकालाई कसरी मूल्याकंन गर्नुहुन्छ ?*

पहिलो कुरा त प्रदेशसभामा कुनै पनि दलको बहुमत छैन । हामी दुई वा दुईभन्दा बढी दल मिलेर सरकार बनाउनु पर्ने बाध्यता छ हाम्रो । यो हाम्रो जनमतको बाध्यता हो । यसमा अन्यथा सोच्ने कुरा भएन । जो जोसँग मिलेपनि मिलेरै सरकार बनाउनुपर्ने अवस्था छ चाहे त्यो संघमा होस् वा प्रदेशमा । त्यही पनि सापेक्षतामा हेर्दा एउटा गठबन्धनबाट अर्को गठबन्धनमा जाँदाखेरी फेरि केही जटिलताहरु आयो त्यसलाई हामीले सहज ढंगले हल गऱ्यौं । सहज ढंगले कामलाई अगाडि बढाएका छौं ।

मैले तत्काल अहिले केही गरौं केही भइहाल्छ वा प्रचारमा आइहालौं भनेर भन्दा पनि प्रदेश सरकारले गर्ने कामको बारेमा अथवा प्रदेशसभाको हाम्रो कार्यकाल भनेको ५ वर्ष हो । सरकारको नेतृत्व परि वर्तन हुन सक्छ सरकारमा रहने पार्टीहरु परिवर्तन हुन सक्छन् । तर, एउटा सबैले स्वीकार्ने नीति बनाएर जाउँ भनेर काम गरिराखेका छौं । भोलिका दिनमा प्रदेश सरकाले त्यसैलाई कार्यान्वयनमा जाने कुरा आउँछ । त्यसैले हाम्रो यो कार्यकालमा पाँच वर्षे नीति जस्तो कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादन अथवा समाजिक क्षेत्रमा विभिन्न समुदायको क्षेत्रमा एउटा नीति बनाएर अगाडि बढ्ने तयारीमा छौं ।

◆ *प्रदेश सरकार वडास्तरका योजनामा अलमलिएको जनगुनासोहरु आइरहेका छन् नि, प्रदेश सरकारको क्षमतामै प्रश्न उठेको हो ?*

बागमती प्रदेशले त आफूलाई धेरै महत्वपूर्ण निर्णयहरु गर्दै अगाडि बढिरहेको छ । हामीले संगठन संरचना निर्माण गऱ्यौं । १३ वटै जिल्लाबाट सेवादिने अवस्था सिर्जना गरेका छौं । जस्ले गर्दा एक जिल्लाबाट अर्को जिल्ला जानुपर्ने समस्या हटेको छ । हामीसँग सीमित स्रोत छ तर, पनि एकैचोटी ११ वटा अस्पतालको स्तर ोन्ती गरिएको छ । यो कार्यान्वयनमा आउने महत्वाकांक्षी निर्णय भो भन्ने टिप्पणी सुनेको छु । गर्ने नै यसरी हो । प्रादेशिक सडक गुरुयोजना पास गर्ने अन्तिम तयारीमा छौं ।

विश्वविद्यालय स्थापना गर्दैछौं । डाक्टर र नर्स पढ्न यो मुलुकमा नपाउने चिकित्सा शिक्षा आयोगको मापदण्ड पास गरेका विद्यार्थीहरु डाक्टर र नर्सहरु पढ्न एउटा सिन्डिकेट जस्तो देखिरहेका छौं त्यसलाईं अन्त्य गर्न हामी लागिरहेका छौं । ८५ वटा पालिकालाई हामी पकेट क्षेत्रको मोडेलमा जानेगरी केही समयपछि घोषणा गर्दैछौं । यातायात क्षेत्रको सुधारको हामीले विशेष कार्याक्रम नै बनाएर अगाडि बढेका छौं । एउटा चेपाङ, चिउरी र चमेरो संरक्षणजस्ता अत्यन्ते बहुआयामिक बहुअर्थ राख्ने कार्यक्रम हामीले अगाडि बढाएका छौं ।

युवाको क्षेत्रमा बागमती प्रदेश सरकारले १० हजार युवालाई रोजगारी दिनेगरी तालिमको अभियान सुरु गरेका छौं । भर्खरै अलपत्र रहेर बसेको बिबिध कठिनाई बाबजुत हामीले पाउडर दुध प्लान्ट सञ्चालनमा ल्याएका छौं । यसरी हेर्दा बागमती प्रदेश सरकार कमजोर होइन सापेक्षतामा शसक्त र प्रदेशलाई एउटा समृद्ध बनाउने कुरामा शसक्त ढंगले अगाडि बढिरहेको छ ।

◆ *बिषयगत समितिको नेतृत्वचयन गर्न के कुराले रोकिएको हो ? भागबण्डा नमिलेकै हो वा अदृष्य शक्तिले बिथोलेको हो ?*

यो रोकिनुमा दुईवटा कारण छ । एउटा कारण हाम्रो दलहरुबीचमा अहिले हाम्रो पाँचवटा संसदीय समिति छ । त्यो कसरी प्रतिनिधित्व गराउने संसदमा रहेका सबै दलहरुलाई ? एउटा त्यो विषयमा हाम्रो सहमति नभएको कारणले रोकियो र अर्को गठबन्धनमा सहभागी दलहरुबीचमा पनि सहमित नभएर रोकिएको हो । प्रदेशसभाको प्रमुख प्रतिपक्षी दलका प्रतिनिधिसँग हामीले छलफल पनि गरेका छौं । हाम्रो बीचमा भएका तित्तताहरु असमझदारीहरु सिर्जना भएका आशंकाहरुलाई छोट्याउने प्रयास पनि गरेका छौं । अब छिट्टै सके सहमतिबाट नसके निर्वाचन प्रणालीबाटै नेतृत्व चयन गर्ने विषय भईसकेको छ । अब हामी यही महिना भित्रमै संसदीय समितिहरुलाई पूर्णता दिन्छौं ।

◆ *संघीय सरकारमा मन्त्रिपरिषद् हेरफेर गर्ने चर्चा चलेको छ, बागमती प्रदेशमा मन्त्रीपरिषद् हेर फेरको सम्भावना कतिको छ ?*

अहिले मैले त्यस्तो देख्दिन । हाम्रो जति जना मन्त्रीहरु हुनुहुन्छ । उहाँहरु राम्रोसँग काम गरिरहनु भएको छ । हाम्रो टिममा त्यस्तो असमझदारी पनि छैन । र, हामीले नीति कार्यक्रम बनाएका छौं । बजेट बनाएका छौं । त्यो कार्यान्वयन गर्ने अवस्थामा छ । अहिले अवस्था भनेको बजेट खर्च गर्ने अवस्थामा छ । हामी काममा लागेका छौं । र, संघीय सरकारको त्यो हुन सक्ला होला तर, हाम्रोमा त्यस्तो कुरा आएको छैन । त्यो आवश्यक पनि छैन । मुख्य कुरा काम गर्नतिर हामी लागेका छौं । गठबन्धनमा पनि त्यस्तो कुरा आएको छैन ।

फेरि आर्यनलाई काखी च्याप्दै दिनेश

काठमाडौं/नेपाली फिल्म क्षेत्रमा केही निर्देशकले एउटै कलाकारलाई काखी च्यापेका धेरै उदाहरण छन् । नामै लिने हो भने रामबाबु गुरुङ र दयाहाङ राई, सन्तोष सेन र प्रदीप खड्का, सुदर्शन थापा र पूजा शर्मा, दीपेन्द्र के. खनाल र खगेन्द्र लामिछाने आदि पर्छन् । यो सूचीमा निर्देशक दिनेश राउतको नाम पनि छुट्दैन । कुनै बेला उनका फिल्ममा आर्यन सिग्देल र नम्रता श्रेष्ठ निर्विकल्पझैं मानिन्थे ।

दिनेशले डेब्यू फिल्म 'आई एम सरी'मा नै आर्यनलाई लिएका थिए । यसपछि उनका दुई फिल्म 'नोभेम्बर रेन' र 'क्लासिक'मा पनि आर्यन थिए । यी दुवै फिल्ममा नम्रता पनि थिइन् । 'क्लासिक'पछि एक नयाँ फिल्मको तयारीको क्रममा दिनेश र आर्यनको सम्बन्ध चिसियो । त्यसपछि राउतले नम्रतालाई लिएर 'पर्व' र 'प्रसाद' निर्देशन गरे । अब फेरि उनले आर्यनलाई काखी च्याप्न थालेका छन् ।

निर्देशक राउतले आगामी माघमा फिल्म 'पूजार सार्की'को छायांकन गर्दैछन् । यसमा आर्यन मुख्य भूमिकामा देखिँदैछन् । उनको निर्देशन रहने अर्को नयाँ फिल्म 'गाउँ नै रमाइलो'मा पनि आर्यन अनुबन्धित भैसकेका छन् । यसरी हेर्दा दिनेशले फेरि आर्यनलाई फिल्ममा डोऱ्याएर हिँड्न थालेको स्पष्ट देखिन्छ । आर्यनको करिअर कमजोर बनेकाले पनि उनले काँध थापेको हुनसक्ने चर्चा छ ।

त्यसो त आर्यन उनका संघर्षकालदेखिका साथी हुन् । दुवैको घर एउटै ठाउँमा छ । दिनेशलाई फिल्ममा स्थापित गराउन आर्यनको पनि ठूलो हात मानिन्छ । अहिले आर्यन करिअरको कमजोर अवस्थामा छन् । र, दिनेश 'प्रसाद' र 'प्रकाश'पछि निर्देशनको फाँटमा अब्बल मानिन्छन् । 'गाँस छाड्नु तर साथीको साथ नछाड्नु' भन्ने भनाई यतिबेला दिनेश र आर्यनको हकमा लागू भएको देखिन्छ ।

दिनेशले आर्यनलाई मात्र होइन, अभिनेता प्रदीप खड्कालाई पनि काखी च्यापेर हिँडिरहेका छन् । उनले 'प्रकाश' प्रदीपलाई लिएर बनाएका थिए । अब उनको 'पूजार सार्की'मा पनि प्रदीपले काम गर्दैछन् । राउतको अर्को नयाँ फिल्ममा पनि प्रदीपको सम्भावना बलियो छ । जसले गर्दा फिल्म क्षेत्रमा मधुरै स्वरमा भए पनि दिनेश राउतले ग्रुपिज्मलाई प्रसय दिइरहेको भन्ने सुनिन थालिएको छ ।

'उपहार'को 'मुटुको ४ आना' गीतमा रेखा, पूजा र बेनिशाको छमछमी

काठमाडौं/आगामी फागुन २५ गतेबाट प्रदर्शन हुन लागेको ज्ञानेन्द्र देउजाद्वारा निर्देशित फिल्म 'उपहार'को दोस्रो गीत सार्वजनिक गरिएको छ । 'मुटुको ४ आना' बोलको लोक शैलीको गीतमा समीक्षा अधिकारी र महेन्द्र बिकेको स्वर, अर्जुन पोखरेलको संगीत तथा मुक्त उदासको शब्द रचना रहेको छ । गीतमा फिल्मका तीन अभिनेत्रीहरु रेखा थापा, पूजा शर्मा र बेनिशा हमाल नृत्य गर्दै प्रस्तुत छन् ।

फूलै फूलले सजाइएको सेटअपमा खिचिएको सार्वजनिक गीतमा किरण केसी, राजाराम पौडेल, शिशिर राणा, निर्मल शर्मा, विनोद कुमार पौडेल लगायत पनि नृत्य गर्दै देखिएका छन् । गीतमा कविराज गहतराजको कोरियोग्राफी रहेको छ । 'उपहार'को यसअघि 'वाह् वाह् वाह्' गीत सार्वजनिक गरिएको थियो, जसलाई दुई महिनाको अवधिमा युट्युबमा मात्र ४१ लाख बढीले हेरिसकेका छन् ।

फिल्ममा मुकुन भुषाल, तेज गिरी, सुष्मा कार्की, अंशु महर्जन, आशा भुषाल, रामचन्द्र अधिकारी लगायतको पनि अभिनय छ । यही फिल्मबाट समर्पणजंग कार्कीले अभिनेताको रुपमा डेब्यू गरेका छन् । उनी 'मिस्टर नेपाल २०२३'को विजेता समेत हुन् । अभिनेत्री रेखा थापाका श्रीमान् बलराम शाही ठकुरी कार्यकारी निर्माता रहेको फिल्मका निर्माता सुलभ प्रतिक देउजा र समीक्षा देउजा हुन् ।

रेखा फिल्मस् र कपनगढी फिल्मस्को संयुक्त निर्माण रहेको फिल्ममा विष्णु कल्पित घिमिरेको छायांकन, अर्जुन पोखरेलसँगै बाबुल गिरीको संगीत, मित्र डि गुरुङको सम्पादन, सुलक्षण भारतीको कथा, भारतीसँगै अभिमन्यू निरवी र माधव शर्माको पटकथा तथा संवाद, अनुपम गौतमको भीएफएक्स तथा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ । 'उपहार'बाट रेखाले ५ वर्षपछि पुनरागमन गरेकी हुन् ।

'सलार' र 'डंकी'को व्यापारमा भिडन्तको असर

एजेन्सी, मुम्बई/ भारतीय बक्स अफिसमा यो साता सन् २०२३ कै सबैभन्दा बढी भिडन्त भयो । बलिउड सुपरस्टार शाहरुख खान अभिनीत फिल्म 'डंकी' र साउथ सुपरस्टार प्रभास अभिनीत फिल्म 'सलार' एक दिनको अन्तरमा रिलिज भएका थिए । व्यापारिक हिसाबले 'सलार' अगाडि देखिएको छ । तथापि, 'डंकी' पनि बक्स अफिसमा कमजोर छैन । तर, दुवै फिल्मलाई भिडन्त भारी परेको प्रष्ट देखिन्छ ।

'सलार'ले प्रदर्शनको ६ दिनमा 'वर्ल्डवाइड' ५ सय करोडको आँकडा नघाएको रिपोर्ट प्राप्त छ भने भारतमा ३ सय करोड हाराहारी पुगेको छ । जबकि, फिल्मले पहिलो हप्ता भारतमा मात्रै ४ सय करोड कमाउने आँकलन गरिएको थियो । तर, फिल्मलाई मिश्रित प्रतिक्रिया प्राप्त हुँदा विकेन्डबाट कलेक्सनमा भारी गिरावट आइरहेको छ । भार तमा फिल्मले साढे ३ सय करोड नघाउन सक्नेछ ।

'डंकी'ले भने भारतमा डेढ सय करोडको आँकडा नघाएको जनाइएको छ । फिल्मको विश्वव्यापी कलेक्सन ३ सय १० करोड पुगेको छ । फिल्मलाई मध्यम प्रतिक्रिया मिलेकाले कमाईमा उछाल आउन सकेको छैन । त्यसमाथि 'सलार'सँगको प्रतिस्पर्धाले व्यापारमा ठूलो अवरोध खडा गरेको छ । भारतमा फिल्मको 'लाइफटाइम कलेक्सन' २ सय करोड हाराहारी पुग्न सक्ने प्रक्षेपण गरिएको छ ।

ट्रेड एनालिस्ट सुमित कडेल दुवै फिल्मको व्यापारमा भिडन्तले असर गरेको तर्क गर्छन् । उनी भन्छन्, 'दुवै फिल्मले एक-अर्कालाई ठूलो नोक्सान पुऱ्याएका छन् । हामी यो भन्न सक्छौं कि 'डंकी'लाई ज्यादा नोकसान भएको छ । ठूला शहरमा 'डंकी'को कलेक्सन ठीक छ तर साना शहरहरुमा यो 'सलार'भन्दा पछाडि छ ।' हिन्दी भेगमा 'सलार'लाई 'डंकी'भन्दा निकै कम स्क्रिन मिलेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सुदूरपश्चिमले जित्यो अन्तरप्रदेश राष्ट्रिय उसुको उपाधि

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ हेटौंडामा भएको अन्तर प्रदेश राष्ट्रिय उसु प्रतियोगिताको उपाधि सुदूर पश्चिम प्रदेशले जितेको छ । हेटौंडाको टिसिएन चौरमा जारी बृहत खेलकुद तथा व्यापार महोत्सव अन्तर्गत बिहीबार भएको खेलमा १४ स्वर्ण, २ रजत र ४ काश्य गरी २० पदक सहित सुदूरपश्चिम विजेता बनेको हो ।

४ स्वर्ण, ९ रजत र ६ काश्य गरी १९ पदक सहित बागमती प्रदेश द्वितीय भएको छ । ३ स्वर्ण, ६ रजत र ६ काश्य गरी १५ पदक सहित आयोजक मकवानपुर जिल्ला तृतीय भएको छ । प्रथम भएको सुदूरपश्चिमले ३० हजार, द्वितीय बागमती प्रदेशले २० हजार र तृतीय भएको आयोजक समूहले १० हजार रुपैयाँसहित ट्रफी प्राप्त गरेको छ । प्रतियोगितामा विभिन्न उमेर समूहमा गरी १६० खेलाडी सहभागी थिए ।

महिला तथा पुरुषको गरी २२ वटा विधामा खेल खेलाइएको थियो । विधागत प्रथम, द्वितीय र तृतीय भएका खेलाडीलाई मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा ५ वटा प्रदेश र मकवानपुर गरी ६ टिमको सहभागिता रहेको थियो । प्रतियोगिताका विजेता खेलाडीहरूलाई बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जन, उसु महासंघका केन्द्रीय उपमहासचिव राजिव महर्जन, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्की, उसु संघ मकवानपुर अध्यक्ष ज्योतिरत्न बज्राचार्य लगायतले पुरस्कार वितरण गरेका हुन् ।

मन्त्री महर्जनले खेलकुद महोत्सवले जिल्लाको खेल क्षेत्रको विकासमा मद्दत पुऱ्याउने धारणा राखे । खेल क्षेत्रको विकासका लागि भएको महोत्सवका लागि सबैको सहयोग आवश्यक रहेको उनको भनाई थियो ।

बकैयाका विद्यार्थीलाई न्यानो कपडा वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ मकवानपुरमा निजामति कर्मचारी श्रीमती संघले आफ्नो १५ औं स्थापना दिवसको अवसरमा विद्यार्थीलाई न्यानो कपडा वितरण गरेको छ । मकवानपुरको बकैया गाउँपालिका-१२ को सेतीदेवी आधार भूत विद्यालयका विद्यार्थीलाई न्यानो कपडा विरतण गरिएको हो ।

प्रधानाध्यापक गोमा श्रेष्ठ रानाभाट एवम् विद्यालय व्यवस्थ्यापन समिति अध्यक्ष यमरत्न भुलुनमार्फत् सुइटर र टोपी वितरण गरिएको हो । विद्यालयमा पढ्ने १५७ जना विद्यार्थीलाई न्यानो कपडा विरतण गरिएको निजामति कर्मचारी श्रीमती संघकी अध्यक्ष अन्जना अर्यालले जानकारी दिइन् । कार्यक्रम संयोजन हेटौंडा उपमहानगरपालिका वडा नं.५ पिप्लेमा रहेको ज्ञानोदय बालबाटिका आवासीय माविले गरेको थियो ।

कपडा वितरणपछि अध्यक्ष भुलुनले स-साना विद्यार्थीको लागि चिसो बढीरहेको बेला यसरी सहयोग गरेकोमा धन्यवाद समेत दिए । त्यस्तै सोही कार्यक्रममा ज्ञानोदय बालबाटिकाले बकैया गाउँपालिका वडा नं. ११ मा रहेको बुद्ध प्राथमिक विद्यालका विद्यार्थीलाई पनि न्यानो कपडा वितरण गरेको छ । आफ्नो विद्यालयको स्थापना दिवसको अवसरमा ज्ञानोदय बालबाटिकाले सुइटर र टोपी वितरण गरेको हो ।

बालबाटिकाका प्रधानाध्यापक श्यामकुमार बानियाँले कार्यक्रममा विद्यालका प्राध्यापक लक्ष्मी दाहाललाई न्यानो कपडा हस्तान्तरण गरेका हुन् । वितरण कार्यक्रममा संघकी महासचिव रेखा नेपाल, संघकी कोषाध्यक्ष भूमिका सुवेदी लगायतले मन्तब्य राखेका थिए ।

सीमित अधिकारबाट प्रदेशले धेरै काम गरेको छः मुख्यमन्त्री जम्कट्टेल

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले सघीयताको अभ्यासको क्रममा आफूहरुले पाएको सीमित अधिकारबाट धेरै काम गरेको बताए ।

हेटौंडामा भएको प्रदेश सरकार र स्थानीय तहका अधिकारका विषयमा भएको छलफलमा बोल्दै मुख्यमन्त्री जम्मकट्टेलले यस्तो बताएका हुन् । 'यो सम्मेलन उपलब्धिपूर्ण हुने अपेक्षा छ, कार्यविस्तृतिकरण परिमार्जन समितिले गत ६ महिनादेखि विभिन्न क्षेत्रमा अध्ययन गरी कार्यपत्र प्रस्तुत गर्ने र सोही अनुरुप छलफल गरी अघि बढ्ने तालिका छ' उनले भने । संघीयता मोडलहरु देश अनुरुप फर कफरक रहेको र देशकाल परिस्थिति अनुसारको मोडल स्थापन गर्नुपर्ने जमकट्टेलले बताए ।

'यसमा आत्तिनु पर्ने अवस्था छैन, जुन मोडल हामी अनुकूल छ, त्यै अनुसार अघि बढ्नुपर्छ, सुरुवातलाई नराम्रो भन्न मिल्दैन' उनले भने । संघीयतालाई सुदृढिकरण गर्ने र संविधानलाई अक्षरश पालना गर्ने कुरामा सरकारले पनि जिम्मेवारी बहन गर्ने उनले बताए ।

बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रदेश र स्थानीय तहका अधिकारका बिषयमा छलफल भएको हो ।

संघीय सरकारले अधिकार खोसेका कारण आफूहरु कामै गर्न नसक्ने अप्ठ्यारोमा आफूहरु नरहेको उनले बताए । संघ सरकार र प्रदेश सरकारका बीचमा तित्तता पनि नभएको उनले बताए । आफूहरुले पाएको अधिकार बाट धेरै काम गरेर देखाएको जमकट्टेलको दावि छ । अहिलेको अवस्थामा छिटो परिणाम खोज्ने परि पाटीका कारण थप समस्या सृजना भएको उनले बताए ।

कार्यक्रममा नेपाल नगर पालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगानाले संघीयतालाई कार्यान्वयन गर्न नसकेमा समस्या हुने बताए । संघ र प्रदेशलाई गुनासो गर्ने भन्दा पनि अब काम गरेर देखाउन उनले आग्रह गरे । संविधानमा लेखिएका एकल अधिकार र संयुक्त अधिकारका कुरा कार्यान्वयन गर्नुपर्ने उनले बताए ।

गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बजेट थोरै स्थानीय तह र प्रदेशलाई दिएर अरु बजेट धेरै संघीय सरकारले राख्दा काम गर्नका लागि समस्या भएको बताए । ऐन बनाउने नाममा संघ र प्रदेशले स्थानीय तहको अधिकारमा समस्या उत्पन्न भएको उनले बताए । कार्यक्रममा बागमती प्रदेशका मन्त्रीहरु, प्रदेशका प्रमुख सचिव, मन्त्रालयका सचिवहरु, स्थानीय तहका प्रमुखहरु लगायतको सहभागिता रहेको छ ।

कार्यक्रममा बागमती प्रदेशका मुख्य सचिव घनश्याम उपाध्यायले सातै प्रदेशका सरोकार वाला बीचको छलफलले संघीयता कार्यान्वयनमा थप बल पुग्ने विश्वास लिएको बताए । कार्यक्रममा सातै प्रदेशका प्रमुख सचिव, मुख्य न्यायधिवक्ता, गाउँपालिका राष्ट्रिय महासै, नेपाल नगरपालिका सैका पदाधिकारीको सहभागिता छ । मुख्यमन्त्री कार्यालयका अनुसार छलफलपछि शुक्रबार साझा प्रतिवेदनसमेत अनुमोदन गर्ने कार्यक्रम छ ।

राष्ट्रियसभा निर्वाचनमा कांग्रेसबाट मकवानपुरका ४ जना सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/नेपाली कांग्रेसको बागमती प्रदेश कार्यसमितिले राष्ट्रियसभा निर्वाचनका लागि ९१ जनाको नाम सिफारिस गरेको छ ।

बुधबार बसेको प्रदेश संसदीय बोर्डको बैठकले जिल्ला सभापति अन्तरगत मकवानपुरका सिफारिस बुद्धरत्न लामा र काठमाडौंका सभापति कृष्ण बानियाँ सवुजलाई सिफारिस गरिएको छ । सभापति लामाको जिल्ला र प्रदेश समिति दुबैबाट सिफारिस गरिएको हो । त्यस्तै, समितिले कलाकार नीर शाह र नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तारानाथ दाहालसहित ९१ जनाको नाम सिफारिस गरेको हो । त्यस्तै, कांग्रेस केन्द्रीय कार्यसमितिका १० जना सदस्यहरुसमेत रहेका छन् ।

यसै गरी, प्रदेश पदाधिकारीबाट महामन्त्री राजु श्रेष्ठसहित सहमहामन्त्रीहरु जीवन डंगोल, चन्द्र महर्जन र हरिशरण श्रेष्ठको नाम सिफारिस भएको छ । लोकतान्त्रिक अपाङ्ग महासंघका पूर्वअध्यक्ष भोजराज श्रेष्ठको नाम पनि सिफारिस भएको जनाइएको छ । प्रदेश समितिले गरेको सिफारिसमा कांग्रेस केन्द्रीय कार्यसमितिका १० जना सदस्यहरुसमेत छन् ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा उम्मेदवार बनाउनका लागि केन्द्रीय सदस्यहरु हरिशरण नेपाली, जिपछिरिङ लामा, गणेश लामा, टेकबहादुर गुरुङ, दिलमान पाखिन, राधा घले, मदनबहादुर अमात्य, जितजंग बस्नेत, मदनकृष्ण श्रेष्ठ र गंगा अवालेको नाम सिफारिस भएको छ ।

क्यान्सर पीडितलाई कोभिड रेन्सपोन्स टिमको सहयोग

हेटौंडा, १२ पुस/कोभिड रेन्सपोन्स टीम, हेटौंडा ६/१७ ले यहाँको एक क्यान्सर पीडितलाई आर्थिक सहयोग गरेको छ । हेटौंडा-६, चौघडा निवासी मानकुमारी चौलागाईलाई टीमको तर्फबाट उपचारको लागि ६१ हजार ८४० रुपैयाँ सहयोग गरिएको हो ।

कोभिड रेन्सपोन्स टीमको तर्फबाट २० हजार र अन्य रकम विभिन्न व्यक्तिबाट संकलन गरिएको चौलागाई बचाउ अभियानका संयोजक केशव धितालले बताए । संकलित रकम हेटौंडा-६ का निवर्तमान अध्यक्ष एवम भूमि आयोग मकवानपुका विज्ञ सदस्य अर्जुनप्रसाद चौलागाईले पीडितका श्रीमान सोमहरि चौलागाईलाई हस्तान्तरण गरेका थिए ।

क्यान्सर पीडित चौलागाईको हाल विपी कोइराला मेमोरियल क्यान्सर हस्पिटल चितवनमा उपचार भैरहेको छ । रकम पाएपछि श्रीमतीको उपचारमा सहयोग मिलेको पीडितका श्रीमान चौलागाईले बताए । विश्वमा फैलिएको कोभिडको समयमा कोभिड पीडितको उपचार र सहयोग गर्ने उद्देश्यले स्थापित यो टीमले भविष्यमा सामाजिक कार्य, दुःख र विभिन्न प्रकारका रोगबाट थलिएका र उपचार गर्न नसक्ने व्यक्तिलाई सहयोग गर्ने योजना रहेको टीमका सदस्य भरत सापकोटाले बताए ।

प्राधिकरण पालुङद्वारा बक्यौता नतिर्ने ६ वटा एनसेल टावरको लाइन काटियो

साझाकुरा संवाददाता

हेटौंडा, १२ पुस/बक्यौता विद्युत महशुल नतिरेका दुरसंचार सेवाप्रदायक एनसेलको ६ वटा टावरको विद्युत लाईन काटेको छ । नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले १२ पुसमा लाइन काटेको हो ।

लगातार ३ महिनासम्म महशुल नबुझाउने सीमभञ्ज्याङ, कुलेखानी देउराली र सल्ले, फाखेल, मार्खु तथा कुन्छालमा रहेका एनसेल टावरको पालुङ प्राधिकरणले लाइन काटेको हो । एनसेलका टावरमा जडित विद्युत लाइनको वक्यौता महशुल नबुझाएको कारण लाइन काटेको हो । पालुङ वितरण केन्द्र अन्तर्गत थाहा नगरपालिका र ईन्द्रसरोवर गाँउपालिकाका विभिन्न स्थानमा एनसेलका १३ वटा टावर जडित छन् ।

लाइन काटिएका टावरको १२ पुससम्मको ७ लाख ४३ हजार वक्यौता बुझाउन बाँकी रहेको कारण बढी वक्यौता भएका ६ वटा टावरको लाइन काटिएको पालुङ वितरण केन्द्रका प्रमुख माधब न्यौपानेले बताए । एनसेललाई पनि वक्यौता बुझाउन पटक-पटक भनिएको भए पनि बक्यौता महशुल नबुझाएकोले लाइन काटिएको हो ।

सबै टावरको महशुल नुबझाए क्रमशः सबै टावरको लाइन काटिने पनि प्रमुख न्यौपानेले बताए । बक्यौता महशुल उठाउन विगत ३ महिनामा मात्रै पालुङ प्राधिकरणले २ सय भन्दा बढी ग्राहकको लाइन काटेको छ भने लाइन काटिएका ग्राहकबाट ९० लाख भन्दा बढी बक्यौता रकम उठाइसकेको छ ।

सूचना ! सूचना ! सूचना !

सामुदायिक सेवा केन्द्रको १९ औं वार्षिक साधारणसभा एवम् ८ औं कार्यसमिति चयन तपसिल मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण पदाधिकारी, कार्यसमिति सदस्यज्यूहरू, आजिवन सदस्यज्यूहरू, संमरक्षकज्यूहरू, सल्लाहकारज्यूहरू, मानार्थ सदस्यज्यूहरू, संस्थापकज्यूहरू, कानुनी सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू अनिवार्य उपस्थित भई कार्यक्रमको गरिमा बढाउदै, सफल बनाई दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।
(२३ औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा विभिन्न गित संगित तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिनेछ)

कार्यक्रम :
१. नयाँ कार्यसमिति चयन
२. अध्यक्षको प्रतिवेदन प्रस्तुत
३. कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत

तपसिल:-
मिति : २०८० पौष १४ गते शनिबार
समय : बिहान ११:०० बजे
स्थान : सामुदायिकको सभाहल

नोटः सम्पूर्ण आजिवन सदस्यहरूलाई पत्राचार गरिसकेको हुदाँ, कारणवश पत्र प्राप्त नभए यहीँ सूचनालाई आधिकारिक मानी उपस्थित भई दिनुहुन अनुरोध गर्दछौं ।

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जाँन सक्दछ

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना